# गर्भपतनबारे मैले के के जान्न जरूरी छ ?



# गर्भपतन विश्वभरी गराइने एक चिकित्सा प्रक्रिया हो तर यस सम्बन्धी हामीलाई कति तथ्यहरु थाहा नभएको हुन सक्छ ।



## गर्भपतन भनेको के हो ?

सामान्य भाषामा बुझ्दा गर्भपतन भनेको गर्भलाई अन्त्य गर्नु भनिएको हो । विभिन्न अवस्थामा महिलाहरुले गर्भपतन गर्ने निर्णय गर्न सक्छन् । जस्तैः

- **थप सन्तानको इच्छा नभएमा**
- **सन्तान जन्माउने इच्छा नै नभएमा**
- **परिवार सुरु गर्ने उपयुक्त समय नलागेमा**
- **स्वास्थ्य समस्याको कारणले**
- **बलात्कारपछि रहेको गर्भ राख्न नचाहेमा**

## सुरक्षित गर्भपतन भनेको के हो ?

कुनै पनि गर्भवती महिलाको मञ्जुरीमा, कानुनले मान्यता दिए अनुसार सूचिकृत स्वास्थ्यकर्मीद्वारा सूचिकृत स्वास्थ्य संस्थामा गरिने गर्भपतनलाई सुरक्षित गर्भपतन भनिन्छ। यस बाहेक अरुबाट लिइएको गर्भपतन सेवा असुरक्षित हुन्छ।

## गर्भपतन गर्ने निर्णय कसको हो ?

यौन तथा प्रजनन् स्वास्थ्य अधिकार प्रत्येक नागरिकको मौलिक हकसँग जोडिएको छ, जुन कुरा नेपालको संविधान २०७२ मा समेत उल्लेख गरिएको छ। गर्भवती हुने महिला हो र गर्भपतन महिलाको व्यक्तिगत हक, अधिकार हो। कहिले, कति, र किन बच्चा जन्माउने अथवा नजन्माउने भन्ने निर्णय गर्ने अधिकार पनि महिलाको हो।

## नेपालको सन्दर्भमा सुरक्षित गर्भपतन गर्न पाउने अवस्थाहरु

नेपालमा वि सं २०५९ सालमा, गर्भपतनलाई विशेष अवस्थामा गराउन मिल्ने गरी कानुनी मान्यता दिइएको थियो। हालसालै प्रमाणिकरण भई लागू गरिएको "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५" अनुसार सुरक्षित गर्भपतन सम्बन्धि कानुनी व्यवस्थामा केही परिवर्तनहरु भएका छन्। उक्त ऐन अनुसार, योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीबाट निम्न अवस्थामा गर्भवती महिलालाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ :

(१) **गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ,**

(२) **गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले २८ हप्तासम्मको गर्भ,**

(३) **जवर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा गर्भवती महिलको मञ्जुरीले २८ हप्तासम्मको गर्भ,**

(४) **रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ,**

(५) **भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत (जेनेटीक) खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ।**

## सुरक्षित गर्भपतन गर्न नपाउने अवस्थाहरु :

### १. बलपुर्वक गर्भपतन गराउन नहुने :

(क) ऐनमा उल्लेखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन।

(ख) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउनहुँदैन।

### २. लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने :

(क) कसैले गर्भमा रहेको भ्रुणको लिङ्गपहिचान हुने कुनै कार्य गर्न वा गराउनहुँदैन।

(ख) गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन।

## मञ्जुरीनामा सम्बन्धि व्यवस्था :

- सुरक्षित गर्भपतन सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्नेछ।
- तर होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा १८ वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा दिन सक्नेछ।


## गर्भपतन कसले गराउँदछन् ?

विश्वमा प्रत्येक चार महिला मध्ये एकले गर्भपतन गराउँछन्। यो बाट के बुझिन्छ भने, हामीले गर्भपतन गराएको कोही न कोही व्यक्तिलाई चिनेको हुन सक्छम्। यी व्यक्ति हाम्रो साथी-सङ्गी, इष्टमित्र, नातागोता पनि हुन सक्छन्।

तर हाम्रो समाजमा गर्भपतन सम्बन्धि विषयमा खुल्ला रुपमा कुराकानी नगरिने भएकोले हामीलाई थाहा नभएको मात्र हो।

## गर्भपतन सम्बन्धी थप जानकारी कहाँबाट लिने ?

विश्व स्वास्थ्य संगठनले गर्भपतन सम्बन्धी यो लिंक मार्फत् जानकारी प्रदान गर्दछ :
https://www.who.int/health-topics/abortion




मेरी स्टोप्स नेपालद्वारा संचालित फ्रि हेल्पलाईनमा यस सम्बन्धी थप जानकारी पाउन सक्नुहुन्छ :

NTC **प्रयोगकर्ता** ९१६६००११९७५६०

Ncell **प्रयोगकर्ता** ९९८०११९७५६०

भिजिबल इम्प्याक्टद्वारा संचालित फेसबुक पेज Who Decides? बाट पनि थप जानकारी लिन सकिन्छ :

https://www.facebook.com/RightOverMyBodyWhoDecides/




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**
टेकु, काठमाडौं
**२०७७/२०७८**



Visible Impact

फोन नम्बर : ९७७-९८४७६९७७९१
ईमेल : mail.visim@gmail.com
वेभसाइट : www.visim.org.np
२१२/४८ धापासी मार्ग,
काठमाडौं, नेपाल



*Supported by*
SAAF Safe Abortion Action Fund